# बेलौरी नगरपालिकाका  नगर उपप्रमुख श्री  चित्र कुमारी चौधरी ज्यूले २०७८/०३/१० गते नगरपालिकाको सातौं नगर सभामा प्रस्तुत गर्नुभएको बजेट बक्तव्य

**कार्यपालिका बाट स्विकृत मिति:- २०७८।०३।०९**

**नगर सभा मा पेश मिति :- २०७८।०३।१०**

**सम्मानित सभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरू,**

यस नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृत ज्यु लगायत अन्य सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरू एंव संचारकर्मी साथीहरू,

राष्ट्र कोभिड १९ (कोरोना भाईरस) को दोस्रो लहर संग जुधिरहेको यस चुनौतीपुर्ण र असहज घडीमा यस नगरपालिकाको  सातौं नगर सभामा आगामी आर्थिक वर्ष ०७८/०७९  को लागि बजेट प्रस्तुत गर्दैछु ।

स्थानीय तहको निर्वाचन पश्चात यस नगरपालिकाको नगर सभाका लागि निर्वाचित भई आउनु भएका तपाईँ सबै नगर सभाका सदस्य ज्युहरूको दायित्व, जिम्मेवारी र भुमिका प्रबल एंव सशक्त हुदै गएको आभास भईरहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

सर्वप्रथम त प्रजातन्त्र प्राप्ति तथा लोकतन्त्रको लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

साथै हाल देश कोभिड १९ को दोस्रो लहरबाट आक्रान्त  भएको अवस्थामा यस भाईरसबाट संक्रमित भै स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली नागरिक प्रती हार्दिक श्राद्धान्जली व्यक्त गर्नुका साथै शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछु । संक्रमित भै उपचारत रहनु भएका सम्पुर्ण संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछु । साथै कोभड १९ महामारीको संक्रमण, नियन्त्रण तथा न्युनिकरणका लागि दिनरात प्रत्यक्ष उपचार तथा समग्र व्यवस्थापनमा खटिरहनु भएका स्वास्थ्यकर्मी , सुरक्षाकर्मी, एम्बुलेन्स चालक साथै व्यवस्थापकिय पक्षमा खटीरहनुभएका कर्मचारी, कोरोना भाईरस विरुद्दको अभियानमा सहकार्य र सहयोग गर्नुहुने संघीय सांसद, प्रदेश सभाका सदस्य, यस बेलौरी नगरपालिकाका जनप्रतिनिधि, निजि क्षेत्र, संघ संस्था, संचार जगत लगाएत व्यापारी, बुद्दीजीवी, कर्मचारी तथा आम नगरवासी प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**<u>सम्मानित सभाका अध्यक्ष ज्यु,</u>**

कोरोना भाईरसको दोस्रो लहरका कारण  राष्ट्रले मानविय एंव आर्थिक संकटको सामना गर्नु परिरहेकोको यस विषम परिस्थितिमा स्वास्थ्य  संकटबाट  उत्पादन, व्यापार तथा लगानी समेत प्रत्यक्ष रुपमा प्रभावित भएको छ ।

यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेट कोरोना भाईरसको महामारीले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त  अवसरलाई उपयोग गरी बिकासको बाटो तर्फ केन्द्रित हुने गरी तर्जुमा गरेको छु ।

स्थानीय तहको निर्बाचन पश्चात कार्यभार सम्हाली निति,बिधी र कानुनले दिएको अधिकार र जनताको जनमतको कदर गर्दै हामीले कार्य प्रकृया संचालन गरिरहेको सर्ब विदितै छ । संविधानसभाबाट नेपालको संविधान जारी भै स्थानीय तहहरू गठन भए पश्चात सबैको ध्यान स्थानीय तहहरूमा केन्द्रीत भई रहेको छ । राज्यको ठूलो लगानी अव स्थानीय तहहरूमा विनियोजित भएको छ । जनअपेक्षा पनि ह्वात्तै बढेको छ । यस परिस्थितिमा नगर सभाका सदस्यज्यूहरू अझै बढी जिम्मेवार र संवेदनशिल हुन जरूरी भएको छ ।

स्थानीय तहहरू संधैभरी संघीय सरकारको अनुदान रकममा मात्र भर परेर सबै जनअपेक्षा र आवश्यकता बमोजिमको विकास निर्माण गर्न सकिदैन । यसका लागि आन्तरिक श्रोतहरूको अभिवृद्धि अपरिहार्य हुन आउँछ । जनताको करबाट जनताकै विकास निर्माणलाई अगाडि बढाउनु पर्ने हुन्छ । यसका लागि राजश्व संकलनका क्षेत्रहरू पहिचान गरी करका दायराहरूलाई समयसापेक्ष बढाउँदै लैजानु पर्ने जरूरी भएको छ । यसमा सबैको ध्यान जानेछ भन्ने मैले अपेक्षा गरेको छु ।

**<u>सम्मानित सभाका अध्यक्ष ज्यु,</u>**

अव म चालु आर्थिक वर्षमा यस नगरपालिका अन्तर्गत कार्यान्वियन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु ।  वर्षायामको सुरुवात, कोरोना भाईरसको महामारीले सिर्जना गरेको असामन्य  परिस्थिति आर्थिक वर्षको अन्तिम समय समेत रहेकाले सबै योजना तथा कार्यक्रमहरूलाई अपेक्षाकृत रूपमा कार्यान्वियनमा ल्याउन नसकिय पनि हाम्रा प्रयास हदै सम्म जारी छन  । ठुला योजना तथा कार्यक्रमहरू अपेक्षाकृत रूपमा समयमै कार्यान्वियन हुन नसकेको कुरा यथार्थ हो ।

आउँदा दिनहरूमा उल्लेखित बमोजिमका चुनौतीको सामना गर्दै, भएका कमीकमजोरीहरूको न्यूनीकरण गर्दै प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन गर्न जरूरी रहेको कुरा समेत यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

**<u>सम्मानित सभाका अध्यक्ष ज्यु,</u>**

अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा स्थानीय तहहरूको निर्वाचन सम्पन्न भई सिंहदरबारका अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ ।

आगामी आर्थिक वर्षका लागि वस्तीस्तरका लागि आवश्यक योजना तथा कार्यक्रमहरू वडा समितिहरूबाट प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्य पूर्व नगरपालिकालाई संघीय सरकारबाट यस नगरपालिकालाई आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उप-प्रमुख को संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही नगरपालिकाका प्रमुखको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको थियो । नगरकार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छन । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहरूमा छलफल गरी नगरकार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट स्विकृत भई छलफल सहित पारितका लागि आजको यस सभामा पेश गरिएको छ ।

## सम्मानित सभाका अध्यक्ष ज्यु,

अव म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्ष २०७८/७९ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्नानुसार बमोजिमका आधारहरू लिइएको छ ।

- नेपालको संविधान
- पन्ध्रौ पञ्च वर्षीय योजना, दिगो विकास लक्ष २०१६-२०३०
- नेपाल सरकारले विभिन्न समयमा गरेका निर्णयहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू तथा निर्णयहरू
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- आर्थिक कार्यबिधी २०७५
- यस नगरकार्यपालिकाले पारित मुल निति तथा कार्यक्रम र बिभिन्न समयमा मा पारित गरेका अन्य नितिहरु,
- बिज्ञहरुको राय सुझाव र परामर्श

**<u>सम्मानित सभाका अध्यक्ष ज्यु,</u>**

विश्व मानव समुदाय नै कोभिड १९ संग जुधिरहेको यस चुनौतीपुर्ण र असहज घडीमा यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७८/७९ को लागि अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

- ❖ आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. ८१करोड ७० लाख ३२ हजार आय ब्यय हुने प्रारम्भिक अनुमान छ ।

| क्र.स. | आम्दानी शिर्षक | रकम | क्र. स. | खर्चशिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | सशर्त अनुदान चालु (संघीय सरकार) | २२१८००००० | १ | नगर स्तरिय योजनाहरु | ३७९९२००० |
| २ | समपुरक अनुदान (संघिय सरकार ) | १३५००००० | २ | प्रशासनिक खर्च | १२००००००० |
| ३ | राजश्व वाँडफाँड (संघिय सरकार ) | १०२७८५००० | ३ | स्वास्थ्य | १५०००००० |
| ४ | समानिकरण अनुदान(प्रदेश सरकार) | ११९१६००० | ४ | शिक्षा | १५०००००० |
| ५ | राजश्व वाँडफाँड (प्रदेश सरकार ) | ४१४७००० | ५ | कृषि | १५०००००० |
| ६ | आन्तरिक श्रोत नपा | २८५००००० | ६ | पशु | ५५००००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | १३००००००० | ७ | न्यायिक समिति | १४००००० |
| ८ | समपुरक अनुदान (प्रदेश सरकार ) | १०७९८००० | ८ | महिला तथाबालबालिका | १४००००० |
| ९ | सडक बोर्ड | ५०००००० | ९ | गत वर्षको बाँकी भुक्तानी | ९२७४४००० |
| १० | समानिकरण अनुदान(संघिय सरकार) | १६११००००० | १० | सशर्त अनुदान चालु (संघिय सरकार) | २२१८००००० |
| ११ | विशेष अनुदान पूजिगत (प्रदेश सरकार ) | २५००००० | ११ | सशर्त अनुदान पूजिगत(संघीय सरकार ) | २०५००००० |
| १२ | सशर्त अनुदान पूजिगत(संघीय सरकार ) | २०५००००० | १२ | सामाजिक सुरक्षाभत्ता | १३००००००० |
| | | | १३ | समपुरक | १०७९८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | विशेष अनुदान पूजिगत(संघीय सरकार ) | १६६०००००० | १५ | समपुरक अनुदान (संघिय सरकार ) | १३५०००००० |
| १४ | जिल्ला समन्वय समिति | ४५०००००० | १६ | सडक बोर्ड | ५०००००० |
| १५ | गत आ.व. को बाँकी | ८३३८६००० | १७ | विशेष अनुदान पूजिगत(संघीय सरकार ) | १६६०००००० |
| | | | १८ | विशेष अनुदान पूजिगत (प्रदेश सरकार ) | २५०००००० |
| | | | १९ | समपुरक अनुदान (प्रदेश सरकार ) | १०७९८००० |
| | | | २० | अक्सिजन प्लान्ट लागत साझेदारी | ६५०००००० |
| | | | २१ | विपद् व्यवस्थापन कोष | १००००००००। |
| | | | २२ | नगरपालिका वाल वाउन्ड्री निर्माण | ४५०००००० |
| | | | २३ | वडा न १ | ४५०००००० |
| | | | २४ | वडा न २ | ६०००००० |
| | | | २५ | वडा न ३ | ५५०००००० |
| | | | २६ | वडा न ४ | ६०००००० |
| | | | २७ | वडा न ५ | ६०००००० |
| | | | २८ | वडा न ६ | ७५०००००० |
| | | | २९ | वडा ७ | ५०००००० |
| | | | ३० | वडा न ८ | ६०००००० |
| | | | ३१ | वडा न ९ | ७०००००० |
| | | | ३२ | वडा न १० | ७०००००० |
| | **जम्मा** | ८१७०३२०००। | | **जम्मा** | ८१७०३२०००। |

## चालु तर्फ

- आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ प्रशासनिक खर्च कूल १२ करोड  विनियोजन गरेको छ । यसमा कर्मचारिको सुबिधामा संघीय सरकारले थप गरेको सुबिधाको व्यवस्था गरिएको छ । जुन सेवा सुबिधा स्थानिय निकायका कर्मचारीले पाएका छन सो सुबिधा अन्य निकाय बाट यस नगरपालिका को सेवा मा आयका कर्मचारी लाई पनि उपलब्ध गराईने छ । यस मध्येबाट नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूको तलब भत्ता तथा कार्यालय सञ्चालन खर्च र पुजिगत खर्च समेत प्रस्ताव गरिएको छ। सेवा बाट अलग हुन चाहने कर्मचारीको लागि यस आ.ब.मा आबश्यक रकम छुट्याईएको छ। चालू खर्च तर्फ नै निर्वाचित जनप्रतिनिधीहरूको तलब का लागि ब्यबस्था गरिएको छ । पदाधिकारिको लागि बिरामि उपचार, दुर्धटना बिमा जस्ता  कार्यक्रम ल्याउन पनि जरुरी देखेको छु । आगामी आर्थिक वर्षमा सबै उपभोक्ता समितिहरूको लागि तालिम तथा अभिमुकरण निरन्तर उपलब्ध गराइने छ । यसलाई थप प्रभावकारी बनाईने छ।जसबाट हालका दिनहरूमा देखिएको आयोजना व्यवस्थापन सम्बन्धी अन्यौलको अन्त्य तथा भुक्तानी प्रकृयामा सबै उपभोक्ता समितिहरूलाई सहजता पैदा हुनेछ । आगामी आर्थिक वर्षमा सबै वडा कार्यालयहरूलाई सूचना मैत्री बनाइनेछ । सबै वडा कार्यालयहरूमा इमेल इन्टरनेटको प्रबन्ध गरिनेछ । स्थानीय तहहरूबीचको अनुभव आदान प्रदान गर्नको लागि पदाधिकारीहरू समेत कार्यरत कर्मचारीहरूलाई अध्ययन भ्रमणको अवसर प्रदान गरिनेछ । यसले गर्दा स्थानीय तहहरू बीचको हार्दिकता तथा सेवा प्रवाहमा समानता पैदा हुनेछ ।
- सामाजिक सुरक्षा तर्फ रु १३ करोड विनियोजन गरि ज्येष्ठ नागरिक,एकल महिला, अपांग,दलित लाई सामाजिक न्याय र संरक्षण प्रदान गरेको छु ।

## पुंजिगत तर्फ

- आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत खर्च **रू. २८ करोड २९ लाख ३२** हजार विनियोजन गरेको छु । स्थानीय तहरूको कार्यान्वयन पश्चात जनताहरूमा धेरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको अनुभूति पु-याउनु छ । त्यसैले आगामी आर्थिक वर्षका लागि हरेक वडाहरूको समनुपातिक बिकाश का लागि आबश्यक श्रोत सुनिश्चितता गरी सोही वडा अन्तर्गतबाट जनताहरूले प्रस्ताव गरी पठाइएका अधिकांश आयोजना तथा कार्यक्रमहरूलाई  प्रस्ताव गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरी आएका आयोजनाहरूमा कूल  ६ करोड ५ लाख खर्च हुने प्रारम्भिक अनुमान छ  ।
- यस नगरपालिकाले आ.ब. २०७८\०७९ मा तयार गरेका सबै अधुरा योजना तथा कार्यक्रमलाई निरन्तरता दिएको छु । वडास्तरबाट छनौट भई आएका अन्य योजनाहरूलाई श्रोतले भ्याएसम्म कार्यपालिकाको बैठकबाट थप बजेट विनियोजन प्रस्ताब गरिएको छ । जनताका सबै अपेक्षाहरूलाई एकै वर्षमा सम्पूर्ण रूपमा संवोधन गर्न कठीन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ ।
- प्रत्येक वडा स्तरबाट  सिफारिस भई आएका योजनाहरूको नामावली अनुसूचीमा उल्लेख गरिएको छ ।

## विषयगत शाखा तर्फ

- प्रत्येक वडा बाटै दलित ,आदिबासी जनजाती, महिला, बालबालबालिका जस्ता लक्षित बर्गको लागि आबश्यक ब्यबस्था गरेको छ्रु। जसमा नगरपालिकाले पनि थप बजेट को ब्यबस्था गरेको छ्रु ।
- स्वास्थ्य सेवा लाई प्रभावकारी र गुणस्तरिय स्वास्थ्य सेवा बनाउन १ करोड ५० लाख बिनियोजन गरेको छ्रु ।
- शिक्षाको गुणस्तर वृद्धि गर्नको लागी शिक्षा शाखाका लागी १ करोड ५० लाख बिनियोजन गरेको छ्रु ।
- कृषि क्षेत्रको विकास गरि नगरपालिकालाई कृषि उपजको हबको रुपमा स्थापित गर्न १ करोड ५० लाखको बजेट व्यवस्था गरेको छ्रु ।
- पशु बिकास कार्यक्रम को लागि ५५लाख रकम बिनियोजन गरेको छ्रु ।
- महिला हिंसाको अन्त्य, बालबिबाह मुक्त नगरपालिका, साथै महिलाको नेतृत्वबिकाश तथा सहभगिता अभीबृद्धिका लागि महिला बिकास कार्यक्रम अन्तरगत १४ लाख रकम बिनियोजन गरेको छ्रु ।
- बेलौरी नगरपालिकाको न्यायिक समितिका लागि १४ लाख बिनियोजन गरेको छ्रु ।

## नगर स्तरीय योजना तर्फ

नगर स्तरीय योजना तर्फ कुल ३ करोड ७९ लाख ९२ हजार विनियोजन गरेको छ्रु। साथै नगर स्तरीय योजना तथा कार्यक्रमहरु अनुसुचीमा राखिएको छ ।

- बिपद ब्यबस्थापन कोषमा १ करोड विनियोजन गरिएको छ ।
- बिकाशमा सहकारीता र साझेदारिताको लागि १ करोड ७ लाख ९८ हजार रकम बराबरको समपुरक कोषको ब्यबस्था गरेको छ्रु।
- धर्म सँस्कृतिको प्रवर्धन र विकास आजको अपरिहार्य आवश्यकता हो । यसको लागि मन्दिर व्यवस्थापन तथा अन्य पुर्बाधारनिर्माणका लागि आबश्यक बजेट विनियोजन गरेको छ्रु । नगरपालिका अन्तर्गत एक समपूरक कोष रहने छ । जसबाट लागत साझेदारीमा विभिन्न योजना तथा कार्यक्रमहरूको कार्यान्वियन हुनेछ ।
- यस नगरपालिकाको समग्र विकास तथा समृद्धिमा टेवा दिन बिभिन्न लक्षित योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।
- आगामी आर्थिक बर्षमा नगर प्रहरीको ब्यबस्था लागि भौतिक निर्माण समेत गर्न बजेट व्यवस्था गरिएको छ। यस नगरपालिका अन्तर्गतका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी Home Stay बनाउनको लागि जनताको सहभागितामा कार्यक्रम अघि बढाउन आबश्यक बजेटको व्यवस्थापन गरेको छ्रु।
- अक्सिजन प्लान्ट लागत साझेदारीका लागि ६५ लाख विनियोजन गरेको छ्रु ।

## सम्मानित नगर सभाका अध्यक्ष ज्यु,

नगरपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई अनुभूति हुने प्रकारले सकेसम्म सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाउने कार्यको प्रारम्भ गरिनेछ । अझै चालू तथा पूँजीगत तर्फका सबै खर्च शीर्षकका विस्तृत विवरणहरू यसै बजेट वक्तव्य साथै अनुसूचीमा संलग्न राखी सबै

सदस्य महानुभावहरूलाई उपलब्ध गराईएको अबगत गराउदै विस्तृत विवरण अनुसूचीहरूबाट हेर्नुहुन समेत पुन: सादर निवेदन गर्दछु ।

स्वस्थ र अनुशासित जिबनका लागि खेलकुद  भन्ने नाराका साथ थप खेल प्रशिक्षक ब्यबश्था गरिनेछ। यस मध्येबाट शिक्षा र स्वास्थ्य,कृषी, महिला बालबालिका,सिचाई, लगायतका  मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण अनुसूचीमा संलग्न छ । यस शीर्षक अन्तर्गतको बजेट सशर्त अनुदान तर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम अर्थ मन्त्रालयबाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गरिएको छ ।

**सम्मानित नगर सभाका अध्यक्ष ज्यु,**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस नगरपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय बुद्धिजिवी, नगरपालिकाबासी सम्पूर्ण दाजुभाइ दिदीबहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु।

**अन्त्यमा,**

बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण टोलबस्तीबासी जनताहरू, वडा समिति,वडा अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका सदस्य ज्यूहरू, विषयक्षेत्रगत समूहका सदस्यज्यूहरू, नगर कार्यपालिकाका सबै सदस्य ज्यूहरू  राजनितिक दल लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रदय नगरपालिका प्रमुख ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको सिलसिलामा प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पु-याउनुहुने नगरपालिकाका कर्मचारी तथा वडा कार्यालयका वडा सचिव एवं सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

# धन्यवाद ।

**प्रस्तुतकर्ता**
चित्र कुमारी चौधरी
नगर उपप्रमुख